

के तपाईंको घर पा( नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रजित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५




❑ वर्ष २४ ❑ अङ्क ११५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० वैशाख २६ गते मंगलबार ❑ 9 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## एमालेले भ्रष्टाचारीलाई जोगाउँदैन : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २५ वैशाख

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीले भ्रष्टाचारीलाई जोगाउने पक्षमा आफू नरहेको स्पष्ट पार्नुभएको छ।

राष्ट्रिय युवा सङ्घ नेपालको पहिलो बैठकलाई सोमबार यहाँ सम्बोधन गर्दै उहाँले एमालेले कसैको पनि दोषको ढाकछोक नगर्ने बताउनुभयो । "एमालेले कसैको पनि दोष र अपराधलाई ढाकछोक गर्दैन", अध्यक्ष ओलीले भन्नुभयो, "कोही पनि दोषीलाई एमालेले बचाउ गर्दैन र भ्रष्टाचार कसैले गर्छ भने जान्छ। व्यक्तिगत भ्रष्टाचारलाई एमाले पनि समर्थन गर्दैन ।" उहाँले एमालेविरुद्ध षड्यन्त्र हुन्छ भने त्यसको मुकाबिला गर्न आफू तयार रहेको बताउनुभयो। अध्यक्ष ओलीले भ्रष्टाचारको मुद्दामा प्रमाणले तानिनुपर्ने भन्दै केही दिनअघि गिरफ्तार भए पनि मान्छेलाई किन छाडियो भनेर प्रश्न गर्नुभयो । उहाँले नक्कली भुटानी शरणार्थीका सम्बन्धमा प्रहरीलाई निष्पक्ष छानबिन गर्न दिनुपर्ने बताउनुभयो । "दोषीलाई न्यायको कठघरामा उभ्याउनु पर्दछ । निर्दोषलाई फसाउने कोसिस गर्नुहुँदैन", उहाँले भन्नुभयो । अध्यक्ष ओलीले दोषीलाईकारबाहीगर्नसरकारलाई आग्रह गर्नुभयो ।



## बेगनास ताल किनारमा भण्डारी मृत फेला

**पोखरापत्र संवाददाता**
लेखनाथ, २५ वैशाख

पोखरा-३१ को बेगनास तालमा आज बिहान एक पुरुषको शव फेला परेको छ।

उदयपुरका ३१ वर्षीय अनुप भण्डारी बेगनास ताल किनारमा मृत फेला परेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले जानकारी दिनुभयो । मृतक भण्डारीले बोकेको परिचयपत्रका आधारमा सनाखत गरिएको कास्की प्रहरीले जनाएको छ ।

मृतक भण्डारीलाई बेगनास ताल किनारमा घोप्टो परेको अवस्थामा स्थानीयवासीले देखेपछि प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय सिसुवाबाट खटिएको टोलीले मुचुल्का तयार गरी शवपरीक्षणका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा ल्याएको कास्की प्रहरीले जारी गरेको सूचनामा उल्लेख छ । परिचयपत्रका आधारमा मृतक भण्डारी नायब सुब्बा पदमा कार्यरत परराष्ट्र मन्त्रालयका कर्मचारी रहेको प्रहरीले जनाएको छ ।

उक्त घटनाका बारेमा अनुसन्धान भइरहेको कास्कीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । "तालमा डुबेर आत्महत्या हो कि विष सेवन गरेर आत्महत्या हो वा कसैले हत्या गरेको हो भन्नेबारेमा हामी अनुसन्धान गर्दैछौँ", प्रवक्ता विकले भन्नुभयो ।

## चार लाख ६७ हजारले कक्षा १२ को परीक्षा दिँदै

**रासस**
काठमाडौं, २५ वैशाख

मङ्गलबारदेखि सुरु हुने कक्षा १२ को परीक्षाको तयारी पूरा भएको छ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले तयारी पूरा भएकाले परीक्षामा सहभागी हुन सबै परीक्षार्थीलाई आह्वान

बाँकी अन्तिम पृष्ठमा ▶▶

## संस्कृत उच्च शिक्षामा समसामयिक चुनौती विषयक गोष्ठी पोखरामा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २५ वैशाख

'संस्कृत उच्च शिक्षामा सामयिक चुनौती विषयक' गोष्ठी आजदेखि पोखरामा सुरु भएको छ।

अनुसन्धान व्यवस्थापन एकाई, विन्दुवासिनी संस्कृत विद्यापीठ, पोखराको आयोजना एवम् विश्वविद्यालय अनुसन्धान आयोग, सानोठिमी भक्तपुरको सहयोगमा आयोजित दुई दिने गोष्ठीमा विभिन्न उच्च शैक्षिक संस्थाका प्रतिनिधि, संस्कृत वाङ्मयप्रेमी सहित १२५ भन्दा बढी जनाको सहभागिता रहेको छ।

गोष्ठीको पहिलो दिन 'संस्कृत उच्च शिक्षामा समसामयिक चुनौति' विषयक कार्यपत्र सहप्रा डा.गुरुप्रसाद सुवेदीले प्रस्तुत गर्नुभएको र त्यसको सहप्रा.डा.शान्तिकृष्ण अधिकारीले टिप्पणी गर्नुभएको विन्दुवासिनी संस्कृत विद्यापीठका प्राचार्य डा. जगन्नाथ रेग्मीले जानकारी दिनुभयो। गोष्ठीको दोस्रो दिन भोलि संस्कृत उच्च शिक्षामा आकर्षण बृद्धिका आधारहरू विषयक कार्यपत्र सहप्रा.डा. नारायण चालिसेले प्रस्तुत गर्नुहुने र त्यसको टिप्पणी प्रा.डा.शालिग्राम सुवेदीले गर्नुहुने उहाँले जानकारी दिनुभयो । गोष्ठीको एक कार्यक्रमका बीच आज उद्घाटन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति डा.



जगमान गुरुङले संस्कृत वाङ्मयको वैज्ञानिक अध्ययनले मात्र यसको महत्व बुझ्न र बुझाउन सकिने बताउनुभयो ।

संस्कृत वाङ्मयका अभियन्ताले आँफूलाई सामुहिक रुपमा परिवर्तन गर्नु जरुरी रहेको उल्लेख गर्दै उहाँले संस्कृतको महत्वलाई उजागर गर्नु आवश्यक भएको बताउनुभयो। संस्कृत उच्च शिक्षामा समसामयिक चुनौतीहरू विषयक कार्यपत्र प्रस्तुत गर्दै सहप्रा.गुरुप्रसाद सुवेदीले संस्कृत शिक्षाका लागि सरकारका तर्फबाट पर्याप्त लगानी नहुनुका कारण यसलाई व्यवस्थित गर्न नसक्दा सर्वसाधारणको आकर्षण कम भएको बताउनुभयो । संस्कृत वाङ्मयको विश्वव्यापी महत्वलाई समुदायमा र विश्व सन्दर्भमा समेत प्रकाशित गर्न सके यसको औचित्य पुष्टि हुने उहाँले बताउनुभयो । कार्यपत्र माथि टिप्पणी गर्दै सहप्रा.शान्तिकृष्ण अधिकारीले संस्कृतका शास्त्रीय विधालाई बचाउन संस्कृत विश्वविद्यालयका १७ वटा विभाग प्रत्येकले वार्षिक न्युनतम दुई/दुई जना दक्ष जनशक्ति तयार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। विश्वविद्यालयले अनुसन्धानलाई जोड दिनुपर्ने उहाँले बताउनुभयो । उद्घाटन समारोहका सभापति एवम् विन्दुवासिनी संस्कृत विद्यापीठका प्राचार्य डा. जगन्नाथ रेग्मीले संस्कृत शिक्षा प्रतिको आकर्षण बढाउन राज्यको ध्यान पुग्नु जरुरी रहेको बताउनुभयो । अनुसन्धान व्यवस्थापन एकाईका संयोजक सहप्रा चुडामणि कंडेलको अध्यक्षता एवम् सहप्रा आनन्दमणि रिजालले सहजीकरण गर्नुभएको कार्यपत्रमा आधारित अन्तरक्रियाका सहभागिले संस्कृत शिक्षाको मौलिक अध्ययन विधि तयार गर्नुपर्ने आवश्यकता औंल्याएका थिए। देशको सामाजिक, आर्थिक प्रणालीमा आएको परिवर्तनका कारण संस्कृत सहित अन्य विश्वविद्यालयमा पनि प्रभाव परेको भन्दै उनीहरुले राजनीतिमा नै सुधार गरेर मौलिक ढंगको सामाजिक प्रणाली पुनःस्थापना गर्नुपर्नेमा जोड दिएका थिए । नीतिगत रुपमा राष्ट्रिय शिक्षा नीतिकै कारण संस्कृत शिक्षालाई कमजोर पारिएको भन्दै वक्ताहरूले माध्यमिक तहमा संस्कृत पठनपाठनको प्रणालीलाई फर्काउनु जरुरी रहेको बताए। संस्कृत शिक्षा पठनपाठन नहुँदा समाजको नैतिक धरातल खस्केकोमा उनीहरूको चिन्ता थियो । अन्तरक्रियामा सहप्रा.सत्यराजसुवेदी,सहप्रा.योगराज पौडेल, सहप्रा.राधाकृष्ण गैरे, उपप्रा.भोलानारायण रेग्मी, उपप्रा.भानुभक्त आचार्य, परमेश्वर पौडेल लगायतले कोल्नुभएको थियो । कार्यक्रममा विद्यापीठ व्यवस्थापन समितिका अध्यक्ष परशुराम बराल, पूर्व अध्यक्षहरू ऋषिराम सापकोटा, विष्णुप्रसाद बराल, पूर्व प्राचार्य अम्बिकाप्रसाद भट्टराई, महर्षि गुरुकुलका अध्यक्ष रामचन्द्र पौडेल, अनुसन्धान व्यवस्थापन एकाईका सदस्य सचिव उपप्रा प्रकाश पौडेल, विद्यापीठका पूर्व स्ववियु उपसभापति एवम् रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल लगायतले संस्कृत शिक्षाको महत्वलाई उजागर गर्न नसक्दा यसतर्फको आकर्षण नबढेकोमा जोड दिएका थिए ।

उक्त अवसरमा विद्यापीठको पुस्तकालय एवम् अनुसन्धान व्यवस्थापन एकाईलाई सहयोग पुऱ्याएको भन्दै समाजसेवी भीमराज रेग्मीलाई सम्मान गरिएको थियो ।


## पोखरामा तार भूमिगत गर्न सुरु

**पोखरापत्र संवाददाता**
काठमाडौं, २५ वैशाख

पोखरामा विद्युतीय तार भूमिगत गर्ने काम सुरु भएको छ । ठेक्का सम्झौता भएको १५ महिनापछि आयोजनाले गति लिएको हो । भारतीय कम्पनी टाटा प्रोजेक्टसले विसं २०७८ माघमा निर्माणको जिम्मा पाएको थियो ।

नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाका प्रमुख इञ्जिनियर आनन्द सुवेदीले पोखरा महानगरपालिका-१० कुँडहर क्षेत्रबाट तार भूमिगत गर्नसुरु गरिएको बताउनुभयो। "इञ्जिनियरिङ डिजाइन र उपकरण खरिदमा समय लागेकाले भौतिकतर्फको काममा केही ढिलाइ भएको हो", उहाँले भन्नुभयो, "गत सातादेखि काम सुरु भएको छ, अब आयोजनाले गति लिन्छ, डेढ वर्षभित्रमा काम सक्ने लक्ष्य छ ।" आयोजनालाई आवश्यक तारसहित महत्वपूर्ण उपकरण भारतबाट ल्याएको हो । सुरुमा कुँडहरमा रहेको प्राधिकरणको सवस्टेशन क्षेत्रको तार भूमिगत गरिनेछ । अहिले सडक खन्ने र पाइप विछ्याउने काम भइरहेको छ। पोखरा-मुग्लिन सडक आयोजनाले अनुमति नदिएका कारण मुख्य राजमार्ग क्षेत्रमा काम अगाडि बढाउन नसकिएको आयोजना प्रमुख सुवेदीले बताउनुभयो । "सडकको अधिकार क्षेत्रभित्र पर्ने फुटपाथमै तार विछ्याउनुपर्छ तर सडकले अहिलेसम्म स्वीकृत दिएको छैन", उहाँले भन्नुभयो, "मुख्य राजमार्गमा अवरोध आए, सिर्जनाचोक, लेकसाइडलगायत सहरका भित्री क्षेत्रमा काम सुरु गर्छौं ।" आयोजनाअन्तर्गत पोखरा-१० कुँडहरदेखि जिरो किमीसम्मको मुख्य राजमार्ग, सिर्जनाचोक, राष्ट्रबैंक चोक, लेकसाइड, सभागृह चोक, न्यूरोड, चिप्लेढुङ्गागायतका क्षेत्रमा तार भूमिगत गरिनेछ । विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि बिछ्याइनेछ । "विद्युत्सँगै केबल र दूरसञ्चार सेवा प्रदायक संस्थाका तार पनि एकैसाथ भूमिगत गरिन्छ, अहिले भएको ओभरहेड प्रणालीका सबै तार हट्छन्", आयोजना प्रमुख सुवेदीले भन्नुभयो । पोखरामा मात्र तार भूमिगत र वितरण प्रणाली सुदृढीकरणमा रु एक अर्ब ३० करोड खर्च हुने प्राधिकरणले जनाएको छ । पोखरा र भरतपुरमा तार विछ्याउन रु दुई अर्ब ५० करोड ३३ लाखमा भारतीय कम्पनी टाटा प्रोजेक्टसले ठेक्का पाएको थियो । दुवै सहरमा एकै प्याकेजमा काम भइरहेको आयोजना प्रमुख सुवेदीको भनाइ छ। तार विछ्याएपछि ग्राहकको घरघरमा बिजुली पुऱ्याउने काम पनि प्राधिकरण नै गर्नेछ । प्राधिकरणले सडकमा न्यून क्षति हुने गरी तार विछ्याउने प्रविधि प्रयोग गर्दै आएको छ । 'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' प्रविधिबाट सडक खनेर तार भूमिगत गरिने आयोजना प्रमुख सुवेदीले बताउनुभयो । यातु र यातायातका साधनको आउजाउमा बाधा नपुग्ने गरी निर्माणका काम हुने उहाँको भनाइ छ । तार भूमिगत गरेपछि ठाउँ-ठाउँमा ट्रान्सफर्मर राखेर ग्राहकका घरघरमा बिजुली पुऱ्याइने प्राधिकरणले जनाएको छ । प्राधिकरणको पोखरा वितरण केन्द्रका प्रमुख ऋषिकुमार वर्णपालले विद्युत् लाइन जमिनमुनि विछ्याउँदा अव्यवस्थित तार, पोलबाट पोखराले मुक्ति पाउने बताउनुभयो । उहाँले तार भूमिगत आयोजनाले ओगटेको क्षेत्रभन्दा बाहिरका अव्यवस्थित र जीर्ण विद्युत् पोल हटाउन छुट्टै ठेक्का प्रक्रिया अगाडि बढेको बताउनुभयो । उहाँले तार भूमिगत गर्दा सहर सुन्दर हुनुका साथै दुर्घटना न्यूनीकरणमा पनि टेवा पुग्ने बताउनुभयो । अव्यवस्थित तार र पोलका कारण हुने दुर्घटनाबाट बर्सेनि मानिसले ज्यान गुमाउनुपर्ने स्थिति छ। "विद्युत् लाइन विछ्याउने अभ्यास विश्वभर नै छ, हाम्रो जस्तो देशमा बजेटको सीमितता हुने हुँदा मुख्य सहरी क्षेत्रमा भर्खर सुरु हुँदैछ", उहाँले भन्नुभयो, "पोखरा सहरभरिको तार भूमिगत गर्न अर्बौं रकम बजेट चाहिन्छ ।"

भूमिगत तार बढी क्षमतायुक्त र भरपर्दो हुने उहाँको भनाइ छ । अहिले चलिरहेको विद्युत् वितरण लाइनभन्दा भूमिगत प्रणाली तीन/चार गुणाले महँगो पर्छ । "महँगो परेपनि ग्राहकको बढ्दो माग र बिजुलीको चाप थेग्न भूमिगत प्रणालीमा जानैपर्छ", प्रमुख वर्णपालले भन्नुभयो, "राज्यले यसमा लगानी बढाउनुपर्छ ।" उहाँका अनुसार पोखरा वितरण केन्द्रअन्तर्गत विद्युत् का ९४ हजार एक सय ६५ ग्राहक छन् । वितरण केन्द्रका आधारमा यो देशकै सबैभन्दा धेरै ग्राहक सङ्ख्या हो। प्राधिकरणले सहरी सौन्दर्य बढाउन 'उज्यालो र सहर सफाइ अभियान' चलाइरहेको छ । सडक छेउछाउका जीर्ण र प्रयोगविहीन पोल हटाउन सुरु गरिएको छ । भूमिगत प्रणालीलाई अन्य सहरमा विस्तार गर्दै जाने योजनामा प्राधिकरण छ । काठमाडौँ उपत्यकापछि भरतपुर र पोखरामा सो परियोजना अघि बढेको हो । सो काममा प्राधिकरणसँग पोखरा महानगरले पनि साझेदारी गर्ने जनाएको छ । प्रभाव र उपयोगीता हेरेर पोखरा अन्य ठाउँमा पनि तार भूमिगत गरिने भएको छ । पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले पोखरा-मुग्लिन सडक आयोजनाभित्र पर्ने क्षेत्रमा तार विछ्याउनका लागि महानगरका तर्फबाट सहजीकरण गरिने बताउनुभयो । "तार विछ्याउन सडकले अनुमति दिनुपर्छ, महानगर क्षेत्रमा बिनाअवरोध काम हुने वातावरण सिर्जना गर्न हामी पहल गर्छौं", उहाँले भन्नुभयो, "पोखराको सौन्दर्य बिगारिरहेका अव्यवस्थित तार र विद्युत्का पोल हटाउने काममा हामी सबैले सघाउनुपर्छ ।"


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# अन्नपूर्ण गाउँपालिकाको बिकासको आधार कृषि र पर्यटन हो: केसी

ललित अधिकारी/ तुलसी धमला
पोखरा, २५ बैशाख



अन्नपूर्ण गाउँपालिका अध्यक्ष बिष्णु केसीले अन्नपूर्णको बिकासको मुल आधार कृषि र पर्यटन भएको बताएका छन् ।

अन्नपूर्ण गाउँपालिका १० स्थित वडा महिला संजालले यही वैशाख २१ देखि सोमबारसम्म ५ दीन आयोजना गरेको महिला शशक्तिकरण अन्र्तगत नेतृत्व बिकास तथा उद्घोषण तालिमको सोमबार समापन गर्दै अध्यक्ष केसीले पर्यटनको अथाह सम्भावना भएको अन्नपूर्णमा कृषि र पर्यटन बिकासको मुल आधार भएको बताएका हुन् । आफ्नो ५ बर्षीय कार्यकालमा गाँउपालिकाका सबै जनतालाई शतप्रतिशत स्वास्थ्य बिमाको पहुच पुराउने आफ्नो लक्ष्य भएको उनले बताए । आफ्नो करिब एक बर्षको कार्यकालमा शिक्षामा समेत सुधार भएको दाबी गरेका अध्यक्ष केसीले युवा तथा महिलाहरुले अब उद्यमी र व्यवसायीक भई आत्मनिर्भर हुन आग्रह गरे । घान्द्रुक लगायतका क्षेत्रमा खाद्य पदार्थ कोदोको महत्वलाई थप बढवा दिन कोदोको परिवार बनाउन केही समय अघि तालिम प्रदान गरिएको उनले जनाए। तालिममा सहभागिलाई प्रमाण पत्र वितरण गर्दै प्रमुख केसीले हरेक क्षेत्रमा अब महिलाहरुले आफ्नो हक अधिकार खोज्नु पर्ने बताए।

अन्नपूर्ण गाउँपालिका वडा नम्बर १० का अध्यक्ष गौतम गुरूङले भौगोलिक विकटताको कारण चाहेर पनि धेरैलाई एकै स्थानमा तालिम आयोजना गर्न नसकिएको बताए । सहजकर्ता पत्रकार दीननाथ बरालले अन्नपूर्ण क्षेत्रमा लोक्कल दुध उत्पादन गर्न सुझाव दिदै पाउडर दुधको कम प्रयोग गर्न आग्रह गरे । संजालका अध्यक्ष रिता क्षेत्रीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कार्यपालिका सदस्य भूपाल घर्ती, वडा सदस्य खिम प्रसाद नेपाली, तालिममा सहभागीहरु अन्तिमा बिक, अनिता बिक, बिद्या बिक, संस्थाका सचिव बुद्धिमाया बिक लगायतले वोलेको जनउत्थान दिगो विकास संस्थाका पूर्व अध्यक्ष एवं सहजकर्ता दुर्गा क्षेत्रीले बताए । उक्त कार्यक्रमको लागि अन्नपूर्ण गाउँपालिकाले आर्थिक सहयोग गरेको वडा सदस्य पुनम घमालले बताइन्। उक्त कार्यक्रममा नारायणी कोइरालाले समेत सहजीकरण गरेको संजालले जनाएको छ।

## चार लाख...

गर्नुभयो । उहाँले देशभर शान्तिपूर्ण रुपमा परीक्षा सम्पन्न गर्न सबैमा आग्रह गर्नुभयो । कक्षा १२ को यस वर्षको वार्षिक परीक्षामा देशभरबाट कूल चार लाख ६७ हजार तीन सय ८९ विद्यार्थीले परीक्षा दिन लागेका बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिनुभयो । परीक्षाका लागि देशभर एक हजार चार सय ५७ परीक्षा केन्द्र निर्धारण गरिएको छ । उहाँले परीक्षाका लागि केन्द्राध्यक्ष, सह-केन्द्राध्यक्ष, निरीक्षक र सहायक नियुक्त गरी परीक्षाका लागि परिचालन गरिएको जानकारी दिनुभयो ।

“परीक्षाका लागि आवश्यक सामग्री जिल्ला जिल्लामा पुऱ्याइएको छ”, शर्माले भन्नुभयो । यस वर्ष ५६ हजारभन्दा बढी विद्यार्थी ग्रेड वृद्धि परीक्षामा सहभागी हुने भएका छन् । उनीहरूले जति विषयमा कम नम्बर आएको थियो सोही विषयको मात्र ग्रेड वृद्धि परीक्षा दिनुपर्नेछ । तीन वा सोभन्दा बढी विषयमा ‘नन ग्रेडेड’ ल्याएका विद्यार्थीले यो वर्ष पूरै विषयको परीक्षा दिनुपर्ने भन्दै छ विषयकै परीक्षा फारम भरिए पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ संशोधन गरेसँगै अब नन ग्रेडेड ल्याएका विषयको मात्रै परीक्षा दिए पुग्ने भएको छ।

# शिवशक्तिमा ट्राफिक सचेतना सहित विभिन्न कार्यक्रम

प्रेम बहादुर आले
पोखरा, २५ बैशाख



पोखराको शिवशक्ति मा.वि.मा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको छ । १६० औं विश्व रेडक्रस दिवसको अवसरमा सोमबार पोखरा-११ फुलबारीस्थित शिवशक्ति मा.वि.मा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको हो ।

नेपाल रेडक्रस सोसाइटी जुनियर यूवा समिति संयोजक रमेशराज भण्डारीले उद्घाटन गर्दै शुरु भएको कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीसँगको सहकार्यमा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न गरिएको विद्यालयका शिक्षक नायक शर्मिला बराल सापकोटाले जानकारी दिइन् । कार्यक्रममा वरिष्ट हवल्दार शंकर अवस्थी र घनश्याम आचार्यले ट्राफिक नियमका बारेमा जानकारी दिएका थिए।

यूवा रेडक्रस सोसाइटी सर्कलका अध्यक्ष मोनिका बम्जनको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन शिक्षक नायक बरालले गरेकी थिइन् । यसका साथै दिवसको अवसरमा ब्याच वितरण, विद्यालय हातासहित समुदाय वरीपरि सरसफाई कार्यक्रम गरिएको थियो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा ११ उपशाखाका कोषाध्यक्ष पुरुषोत्तम आचार्य प्राथमिक उपचार प्रशिक्षक गणेश भण्डारी, विद्यालयका सहायक प्रध्यानाध्यापक बालकृष्ण बास्तोला, शिक्षक प्रतिनिधि गोविन्द अधिकारी, आधारभुत तह इञ्चार्ज प्रकाश पौडेल सहित कक्षा ९ र १० का ६० बढी विद्यार्थीहरुको सहभागिता थियो।

# मुग्लिन-पोखरा सडक:पूर्वी खण्डमा २५, पश्चिम खण्डमा छ प्रतिशत प्रगति

पोखरापत्र संवाददाता
दमौली, २५ बैशाख

पृथ्वीराजमार्गलाई चार लेनमा विस्तार गर्ने उद्देश्यसहित काम भइरहेको मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको पूर्वी खण्डमा २५ र पश्चिम खण्डमा छ दशमलव शुन्य पाँच प्रतिशत प्रगति हासिल भएको छ।

तनहुँको आँबुखैरेनीदेखि जामुनेसम्मको खण्डमा हालसम्म २५ प्रतिशत भौतिक प्रगति भएको छ भने जामुनेदेखि पोखरासम्मको पश्चिम खण्डमा छ दशमलव शुन्य पाँच प्रतिशत भौतिक प्रगति भएको छ । पूर्वीखण्डको काम केही सन्तोषजनक देखिए पनि पश्चिम खण्डको काम भने निकै सुस्त छ। मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) का प्रमुख नरेन्द्र सुवेदीले यो खण्डमा सडक फराकिलो बनाउने, पक्की पुल तथा कल्भर्ट निर्माणको काम भइरहेको जानकारी दिनुभयो । साथै सबवेश र फेसको काम पनि सुरु गर्न लागिएको सुवेदीले बताउनुभयो ।

उक्त खण्डमा विद्युत्का खम्बा स्थानान्तरणको कामले समस्या भए पनि उक्त समस्या समाधान हुँदै गएको सुवेदीले बताउनुभयो । पूर्वीखण्डअन्तर्गत आँबुखैरेनी खण्डमा सात किलोमिटर कालोपत्रको तयारी गरिएको छ । सुवेदीका अनुसार चालु आर्थिक वर्षभित्रै सात किमी सडकखण्ड कालोपत्र सम्पन्न गर्ने लक्ष्यका साथ काम अगाडि बढाइएको छ । विविध कारणले सडक कालोपत्रको काम ढिलाइ भएको बताउँदै सुवेदीले अब कालोपत्रकोकामसुरुहुनेजानकारी दिनुभयो । उहाँका अनुसार सडक कालोपत्रको परीक्षण भइसकेको छ । “कालोपत्रको ट्रायल भइसक्यो, कालोपत्र सडकलाई छुवाइसक्यौँ”, सुवेदीले भन्नुभयो । यस्तै जामुनेदेखि पोखरासम्मको पश्चिमखण्डको प्रगति न्यून रहेको मुग्लिन-पोखरा सडक योजना (पश्चिम खण्ड)का प्रमुख अमितकुमार श्रेष्ठले जानकारी दिनुभयो । निर्माण कम्पनीका कारणका यो खण्डमा काम सुस्त रहेको र अब विस्तारै कामको गति बढ्ने श्रेष्ठले बताउनुभयो । पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । ४१ दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछन् । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ।

# रतनपाण्डे माविको ६६औ वार्षिकोत्सव

ललित अधिकारी/ तुलसी धमला
पोखरा, २५ बैशाख



रतन पाण्डे माध्यमिक विद्यालय, पोखरा १३ आर्वाको ६६औ वार्षिकोत्सव, अभिभावक दिवस, पुरस्कार वितरण तथा नवनिर्मित बिध्यालय ट्रृष्ट भवनको उद्धाटन कार्यत्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले पोखरा महानगरपालिकाको अर्बौ रुपयाँ शिक्षा क्षेत्रमा लगानी गरेको तर प्रतिफल पाउन नसकेको गुनासो गरे। उनले अब भने बिस्तारै सरकारी बिद्यालयले गतिलिन थालेको आभास आँफुले पाएको भन्दै महानगरले सामुदायिक बिध्यालयहरुमा दिंदै आएको खाजा खर्चमा बृद्धि गर्ने लगायतका काम गरिएको जानकारी दिए। प्रमुख आचार्यले बिद्यालयको भौतिक संरचनामा महानगरपालिकाले आवश्यकता अनुसार लगानी गर्ने भन्दै शिक्षाको गुणस्तर उकास्न सबै लाग्न आग्रह गरे। उनले अब को शिक्षा ब्यवसायीक, प्रतिस्पर्धात्मक तथा प्रविधिमैत्री हुनु पर्ने भन्दै सामुदायिक विद्यालयहरुको गुणस्तर कायम गर्न महानगरपालिका सबैखालका सहयोग गर्न तत्पर रहेको जानकारी दिए । कार्यक्रममा पोखरा महानगरपालिका वडानं १३का वडा अध्यक्ष किरण बराल,निवर्तमान वडा अध्यक्ष दर्शन लामा, पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्य, छोरेपाटन उच्च मावि का प्राचार्य डिल्लीराम भुषाल, कोन सहकारी का अध्यक्ष तिर्थ बहादुर बस्नेत लगायतका वक्ताहरुले रतनपाण्डे माविको शैक्षिक उन्नति का बारेमा आ आफ्ना भनाईहरु राखेका थिए।

श्री रतन पाण्डे माध्यमिक विद्यालय ब्यवस्थापन समिति अध्यक्ष शरदचन्द्र बरालको अध्यक्षतामा भएको कार्यक्रममा बिद्यालयका प्रधानाध्यापक डिल्लीराम बरालले बिध्यालयको वार्षिक प्रगति प्रतिवेदन पेश गरेका थिए।शिक्षिका सावित्री कोईरालाले सञ्चालन गरेको कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष रामचन्द्र बरालले स्वागत गरेका थिए। कार्यक्रममा वर्ष उत्कृष्ट शिक्षक मिन के सी, वर्ष उत्कृष्ट बिद्यार्थी अभिषेक बराल, वर्ष उत्कृष्ट अभिभावक गीता बराल,वर्ष उत्कृष्ट कर्मचारी सरस्वती देवकोटा तथा दिर्घ सेवा सम्मान शिक्षिका राधादेवी बराल र संगिता पोखरेल लाई पुरस्कार एवं सम्मानित गरिएको थियो । तेस्तै बिध्यालय मा सहयोग गर्ने सहयोगदाता चन्दादाता, अक्षयकोषदाताहरुलाई समेत सम्मान गरिएको थियो। कार्यक्रममा बिध्यार्थीहरुले विविध साँस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

# प्रधानन्यायाधीशमा कार्की सिफारिस

रासस
काठमाडौं, २५ बैशाख

संवैधानिक परिषद्को सोमबार बसेको बैठकले प्रधानन्यायाधीशमा कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीलाई सिफारिस गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास वालुवाटारमा परिषद्को सोमबार बसेको बैठकले प्रधानन्यायाधीश नियुक्ति गर्नका लागि कार्कीको नाम सर्वसम्मत सिफारिस गरेको राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को अध्यक्षतामा बसेको उक्त बैठकमा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष तिमिल्सिना, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र उपसभामुख इन्दिरा रानामगर सहभागी हुनुहुन्थ्यो ।

## दर्ता नगराई उद्योग तथा व्यापार व्यवसाय संचालन नगर्ने सम्बन्धी सूचना

गण्डकी प्रदेशभित्र संचालनमा रहेका तर दर्ता नभएका सबै उद्योग, व्यापार-व्यवसायहरु प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम यथाशिघ्र सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्न सम्बन्धित सबैलाई आव्हान गरिन्छ । अन्यथा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा यसै सूचना बमाजिम सूचित गरिन्छ ।

**गण्डकी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**पोखरा, नेपाल**
**सम्पर्क नः ०६१–४६७७३२/०६१–४६७७३३**


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# कोरोना शून्य मुलुक बनाऔं

केही दिनअघि राजधानी काठमाडौं र भारतबाट बाँकेको सिमा बाटो हुँदै नेपाल फर्किंदै गरेका नेपालीहरुमा कोरोना संक्रमण पुष्टी भएपछि नेपालमा फेरी कोरोना संक्रमण बढ्ने हो कि भन्ने चिन्ता थपिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अव कोरोनाको जुनसुकै भेरिएन्ट आएपनि सङ्क्रमणको जोखिम कम गर्न जनस्वास्थ्यका मापदण्ड अपनाउन आग्रह गरेको छ। शून्यमा झरेको कोरोना सङ्क्रमण फेरी बढ्न थालेसँगै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनस्वास्थ्यका मापदण्ड अपनाउन आग्रह गरेको हो ।

कोरोना फरक फरक भेरिएन्टका साथ आउने गरेकोले अहिले आएको कोरोनाको भेरिएन्ट कत्तिको जोखिमको हो भन्ने अहिले नै पत्ता लागिसकेको छैन तर जोखिमबाट बच्न जनस्वास्थ्यका मापदण्ड पालना गर्नु हामी सबैको कर्तब्य हो । विगतमा कोरोनाबाट हामीले १२ हजार बढी नेपाली गुमायौं । त्यो दुःखद इतिहास अझै ताजै छ। अझैपनि कोरोना पूर्णरुपमा बिदा भैसकेको छैन। हरेक बर्ष कुनै न कुनै भेरिएन्टको नाममा जोखिम निम्त्याउँदै आउँदै गरेको छ । तसर्थ यसबाट बच्ने एउटै उपाय भनेको स्वास्थ्य मापदण्ड पालना गर्ने नै हो ।

स्वास्थ्य मन्त्रालयले आफू र अरुलाई सुरक्षित राख्न सही तरिकाले मास्क लगाउने, कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्ने, बेलाबेलामा साबुन पानीले हात धुने र स्यानिटाइजर प्रयोग र खोक्दा वा हाच्छुँ गर्दा रुमाल प्रयोग गर्न अनुरोध गरेको छ । निश्चितरुपमा स्वास्थ्य मन्त्रालयको यो अनुरोध हरेक नेपालीका लागि हो । अहिलेपनि मास्कको प्रयोग नगरिएको, स्वास्थ्य सावधानी नअपनाएको र आवश्यक मापदण्ड पालना नगरिएको पाईएको छ । यो गंभीर लापरवाही हो । स्वास्थ्य सावधानीले व्यक्ति आफैलाई फाईदा पुग्छ। तसर्थ स्वास्थ्य मापदण्ड पालनामा कडाई गरौं ।

त्यसो त नेपालमा कोरोना संक्रमणको करिव तीन बर्षपछि बल्लतल्ल मुलुक तंग्रिन खोजिरहेको छ। ठिक यही बेला कोरोना फेरी देखापर्दैछ। यद्यपि कोरोना संक्रमण भएकाहरु पनि निको भएर घर फर्किएको अवस्था छ। तसर्थ यसलाई हाउगुजी बनाउनु त्यति सान्दर्भिक छैन तर सावधानी अपनाउने कुरामा लापरवाही गरिनु हुँदैन भन्ने विषयमा आम नेपाली सचेत बन्ने अवस्था आएको छ। फेरिपनि यसको जोखिमबाट बच्नका लागि सरकारले दिएको सल्लाह र चिकित्सकले दिएको सुझावलाई आत्मसाथ गर्नु जरुरी छ । अहिले जटिल भन्दा पनि हामी सवैले सहज बाताबरण वनाउनेतर्फ भूमिका निर्वाह गर्नुपर्दछ ।

कोरोनाको विगतका बर्षहरुले हामी नेपालीलाई धेरै पाठ सिकाएको छ । तसर्थ अव नेपाललाई कोरोनाको हटस्पट बन्न नदिउँ भन्नेतर्फ सजग बनौं । पूर्व तयारीमा लागौं । पूर्व तयारी भनेको विगतमा भारतसँग सीमा जोडिएका अधिकांश जिल्ला कोरोना संक्रमणको 'हट स्पट' बनेका थिए । अहिले भारतबाट आउनेहरुलाई सिमा क्षेत्रमै निगरानी र चेकजाँच गरि उनीहरुलाई समेत जोखिमबाट बचाउन पूर्व तयारी गर्नु जरुरी छ। पछिल्लोपटक नेपालमा कोरोना संक्रमण भर्खरमात्र सुरु भएकोले साबधानी अपनाउन सकियो भने पूर्णतः नियन्त्रणमा आउन सक्छ ।

आशा गरौं हरेक नेपालीले जोखिमबाट हुने मानवीय क्षति रोक्न आ-आफ्नो स्थानबाट प्रयास गऱ्यो भने संभव छ । तसर्थ कोरोनालाई हाउगुजी मानेर अत्तालिनुभन्दा वा केही पनि होइन भनेर बेवास्ता गर्नुभन्दा जिम्मेवार ढंगले सावधानीतर्फ ध्यान दिन सकियो भने त्यो हामी सवैका लागि राम्रो पक्ष हो । सरकार पनि कोरोनाबाट सचेत बन्न सवैसंग आग्रह गरिरहेको सन्दर्भमा एकपटक फेरी आम नेपालीले स्वास्थ्यका आवश्यक सर्त पालना गरेर कोरोनालाई नेपालबाटै निमिट्यान्न पार्ने अभियानमा जुट्नु जरुरी छ। त्यसमा हामी सवै नेपालीको सामूहिक प्रयास र सचेतना आवश्यक छ । विगतबाट पाठ सिकेर अघि बढ्नु हामी सवैको कर्तब्य र जिम्मेवारी पनि हो । तसर्थ अहिले देखिएको कोरोना संक्रमण दरलाई कम गर्दै लैजान र फेरीपनि नेपाललाई कोरोना शून्य मुलुक बनाउन जरुरी छ। त्यसमा नेपाल सरकार, स्वास्थ्य क्षेत्र र आम नेपालीको सार्थक प्रयास अपेक्षित छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# भूकम्प स्मृति पार्क निर्माण हुन सकेन

**प्रेम बहादुर आले**
गोरखा, २५ बैशाख

२०७२ सालको भूकम्पको केन्द्रबिन्दु गोरखा जिल्लाको बारपाकमा निर्माणाधिन भूकम्प स्मृति पार्क अझै पूर्ण रुपमा बनिसकेको छैन ।

विसं २०७४ मङ्सिर १४ गते ठेक्का सम्झौता गरी सुरु गरिएको उक्त पार्क अहिलेसम्म निर्माण सम्पन्न हुननसकेको, प्रतिवद्धताहरु पुरा नभएको सम्बन्धी स्थानीय बासीहरुको गुनासो छ । "भूकम्प गएको यत्रो वर्ष भएता पनि यही एउटा पार्क पनि बन्न सकेको छैन ।" स्थानीय बासिन्दाहरुले भने ।भूकम्प गएको केन्द्रबिन्दु भनेर जिल्ला भित्र तथा जिल्ला बाहिर बाट मानिसहरु हेर्न भनी आउँछ तर यहाँ केही पनि छैन ।

२०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पको सम्झनामा उक्त पार्क निर्माण गर्न लागेको हो । विगत २/३ वर्ष देखि बैशाख १२ गते उक्त पार्क उद्घाटनको चर्चा हुदै आएको भएता पनि प्रधानमन्त्री, मन्त्री, नेता र सरोकारवाला निकायका कर्मचारीहरु बारपाक पुगेर उक्त पार्क र बन्न बाँकी संरचना छिट्टै सम्पन्न गर्ने घोषणा गरेता पनि उनीहरुले गरेको प्रतिवद्धताहरु पुरा नभएको स्थानीय बासीहरुको गुनासो छ । झन्डै दुई सय १६ रोपनी क्षेत्रफलमा बगैंचा, स्तम्भ लगायतका संरचना बनेका छन् । त्यस ठाउँमा बन्ने स्तम्भमा भूकम्पमा परी मृत्यु भएका १४ वटा जिल्लाका मृतकहरुको छुट्टाछुट्टै स्तम्भ रहने छ । तर सरकारी स्तरबाट मृतकको नाम उपलब्ध नहुँदा पार्क निर्माणको काम अधुरो रहेको निर्माण कम्पनीको भनाई छ । "पार्क निर्माणको काम अन्तिम चरणमा पुगिसेको छ। अब केही थोरै काम मात्र बाँकी छ।" निर्माण व्यवसायी स्रोतले भन्यो । पार्कभित्र रहने 'स्मृति स्तम्भ' मुख्य आकर्षणको केन्द्र बन्नेछ। स्तम्भमा भूकम्पको बढी प्रभावित क्षेत्र १४ जिल्लामा भूकम्पमा परी मृत्यु भएकाहरुको सम्झनामा १४ वटा छुट्टाछुट्टै स्तम्भ तयार पारिएको छ । १४ वटा स्तम्भमाथि ग्लोब बनाइएको छ। भूकम्पमा ज्यान गुमाएका सबै व्यक्तिहरुको स्तम्भको भित्तामा नाम लेखिने इस्टिमेट तयार भएको थियो। सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरु मार्फत नाम संकलन गरेर भित्तामा लेख्ने योजना बनाइए पनि नाम प्राप्त नहुँदा लामो समय देखि काम रोकिएको निर्माण व्यवसायीले बताए । जसले गर्दा भूक्तानी समेत प्राप्त हुन नसकेको उनको गुनासो छ। सुरुमा रु १३ करोड छ लाखमा ठेक्का सम्झौता गरिए पनि हाल बजेट बढेर रु १५ करोड ५१ लाख पुगेको छ। विसं २०७२ साल वैशाख १२ गतेका दिन गोरखा जिल्लाको बारपाक केन्द्र भएर गएको सात दशमल आठ रेक्टरस्केलको भूकम्पले देशभर आठ हजार नौ सय ९० जनाको मृत्यु भएको थियो भने २२ हजार तीन सय नौ जना घाइते भएका थिए । त्यस भूकम्पमा परी गोरखा जिल्लाको बारपाक सुलिकोट गाउँपालिकामा १४८ जनाको मृत्यु भएको थियो भने बारपाक गाउँमा मात्रै ७२ जनाको मृत्यु भएको थियो।

# डोको बुनेरै बित्यो ५० वर्ष

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ बैशाख

म्याग्दीका चुमबहादुर विक र माइला सार्कीको बसोबास फरक छ । पश्चिम म्याग्दीको मालिका गाउँपालिकाका चुमबहादुर विक र बेनी नगरपालिकाका गजबहादुर( माइला) सार्की एकापसमा परिचित हुनुहुन्न तर उँहाहरुको पेसा भने एउटै छ। दुवैले ७०औं वसन्त पार गर्नुभएको छ।

उन्नाइस वर्षको उमेरदेखि चोयासँग खेल्न थाल्नुभएका मालिका गाउँपालिका-५ देविस्थानका विकको अहिले ७१ वर्षमा लाग्दासमेत चोयाँसँगको साथ छुटेको छैन। उहाँको जस्तै अवस्था छ बेनी नगरपालिका-२ ज्यामरुककोटका ७१ वर्षीय सार्कीको पनि । अहिलेसम्म डोको-डालो बुनेरै उहाँहरूले जीवन गुजारी रहनुभएको छ । बिहान उठेदेखि राति नसुतुन्जेलसम्म चोयाँसँग खेल्दै उहाँहरूको समय बित्छ । गहुँगोरो वर्णका फरासिला चुमबहादुरको शरीर बुढ्यौलीले कुप्रिएको छ। कान कम सुने पनि २० वर्षे लक्का जवानको जस्तै फुर्तिलो ढङ्गले काम गरेको देख्दा उहाँलाई बुढ्यौलीले छोएको महसुस नहुने नाति शकबहादुर विकले बताउनुभयो। वनमा निगालो खोजेर चोयाँ निकाल्दै जवानीका रमाइला दिन बिताइसक्नु भएका विकले डोका बिक्री गरेर कमाएको पैसाले अहिलेसम्म घर व्यवहार चलाउँदै आएको बताउनुभयो । "छोराहरू विदेशमा छन्, अहिले दुःख गर्नुपर्ने कुनै बाध्यता त छैन तर त्यसै बस्न मनै लाग्दैन" उहाँले भन्नुभयो । अहिले दिनमा दुई वटासम्म डोका बुन्ने गरिन्छ। एउटा डोकाको रु तीन सय ५० देखि रु छ सयसम्ममा बिक्री हुन्छ । आफूले बुनेका डोका मान्छे लगाएर दरवाङ बजारमा लगेर बिक्री गर्दै आइएको र यसबाट मासिक रु १५ हजारदेखि रु २२ हजारसम्म आम्दानी हुने विकको भनाइ थियो। उहाँजस्तै ज्यामरुककोटका माइलाले पनि डोको बुनेरै मासिक रु २० हजार भन्दा बढी आम्दानी गर्दै आउनुभएको र यसैबाट आफ्ना छ/छ परिवारको पालनपोषण, शिक्षा दीक्षा र औषधोपचार गर्दै आउनुभएको छ । बुढ्यौलीले छोए पनि डोको बुन्न माइलाको जोश र जाँगर जवानी अवस्थाको जस्तै देखिन्छ। बिहानदेखि रात नपरुञ्जेलसम्म डोको बुनेर दिन बितेको उहाँलाई पत्तै हुँदैन । "डोको बुन्ने कामले उमेर ढल्कँदै गएको ख्यालै भएन, अझै पनि जवानी नै छु जस्तो लाग्छ तर हिसाब गर्दा ७० पो काट्न लागेछु" माइलाले भन्नुभयो । माइलाको वास्तविक नाम गजबहादुर हो तर उहाँलाई सबैले माइला नै भन्ने गर्दछन्। उहाँको हातको सीप नै घरमै बसिबसी दिनहुँ आम्दानी गर्ने माध्यम बनेको छ । अति विपन्न परिवारका माइलाको परिवारको जीविका अहिले यसैबाट चलेको छ । पहिले-पहिले डोको, थुन्से, भकारी बुनेर घर घरमा बिक्रीका लागि पुग्ने गरेकामा अहिले उहाँकै घरमै ग्राहक दिनहुँ आउने गरेका छन्। माइलाले आफ्नै कमाईबाट छोरा छोरीलाई पढाउनाका साथै विवाहसमेत गराइसक्नु भएको छ।

गाउँघरमा थुन्से, भकारीको चलनचल्ती कम हुँदै जाँदा उहाँले पनि डोको उत्पादनलाई नै बढी प्राथमिकता दिने गर्नुभएको छ । दिनमा तीन वटादेखि पाँच वटासम्म डोको बुन्न सकिने र यसबाट मासिक २० हजार जति आम्दानी हुने माइलाले बताउनुभयो । उउटा डोको रु २५० देखि रु ३५० सम्ममा बिक्री हुने हुन्छ। मेहनत गरियो भने पैसा कमाउनकै लागि अन्यत्र धाउनु पर्दैन भन्ने गतिलो उदाहरण माइला सार्कीले प्रस्तुत गर्नुभएको स्थानीय समाजसेवी झकबहादुर थापाले बताउनुभयो।

# विश्व रेडक्रस दिवसमा स्टेशनरी वितरण

**प्रेम बहादुर आले**
पोखरा, २५ बैशाख



विश्व रेडक्रस दिबसको अबसर पारेर राखि युवा रेडक्रस सर्कल पोखरा २६ ले स्टेशनरी वितरण गरेको छ, पोखरा २६ को शिबशक्ति आधारभुत बिद्यालयमा बितरण गरेको हो ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि एबं नेपाल रेडक्रस सोसाईटि कास्किका सभापति डण्डराज शर्माले रेडक्रस का जन्मदाता जा. हेनरि ड्युनाको अभियानले विश्व सामु हरेक मानिसमा मानबिय सेवाभावमा समर्पित हुनको लागि सन्देश दिएको बताए, ने रे सो युवा सर्कलका अध्यक्ष बिकास रानाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा २६ कि सदस्य लक्ष्मिदेबि भट्टराई, न रे सो पोखरा २६ उपशाखाका सभापति शैलेन्द्र मोहन भट्टराई, युवा सर्कलका नि बर्तमान अध्यक्ष सन्दिप ढुङ्गाना, बिध्यलयका प्रधानाध्यापक चन्द्रमान बन्जरा, युवा सर्कलका संरक्षक महेन्द्र ढुङ्गाना, लगाएतले कार्यक्रम मा आ आफ्नो धारणा ब्यक्त गरेका थिए, कार्यक्रम मा स्वागत मन्तव्य सर्कलका उपाध्यक्ष सूर्यचन्द्र राजभाटले तथा सन्चालन सहसचिब विशाल राजभाटले गरेका थिए।

# बेनी अस्पतालमा फिजियोथेरापी सेवा सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ बैशाख

म्याग्दीको बेनी अस्पतालले फिजियोथेरापी सेवा सुरु गरेको छ।

जिल्लाकै सरकारी अस्पतालमा पहिलो पटक फिजियोथेरापी सेवा उपलब्ध भएपछि बिरामीलाई राहत मिलेको छ । बेनी अस्पतालका निमित्त प्रमुख डा अञ्जु थापाले आइतबारदेखि फिजियोथेरापी सेवा सञ्चालन भएको जानकारी दिनुभयो । फिजियोथेरापीबाट हड्डी खिइएको, नसा च्यापिएको, माँसपेशी दुख्ने, झमझमाउने, लुलो हुने, प्यारालाइसिस, जन्मदा नै असाधारण भएका बालबालिका, हातखुट्टा नचल्नेसम्बन्धी रोगको उपचार हुन्छ। अस्पतालको निर्माणाधीन भवनको भुई तलामा छुट्टै कोठामा फिजियोथेरापी कक्ष स्थापना भएको छ। चार शय्या राखिएको छ। अस्पतालमा दैनिक पाँचदेखि १५ जनासम्म फिजियोथेरापी गर्नुपर्ने बिरामी आउने गरेका छन् । गण्डकी प्रदेश सरकारको सहयोगमा फिजियोथेरापी सेवाका लागि आवश्यक उपकरण खरिद गरिएको थियो। फिजियोथेरापीका उपकरण खरिद गर्न प्रदेश सरकारले रु आठ लाख बजेट विनियोजन गरेको थियो।

अस्पताल व्यवस्थापन समितिले फिजियोथेरापिष्ट चिकित्सक कान्तिलक्ष्मी देवी कटुवाललाई नियुक्त गरेको छ । पछिल्लो समय बिरामीको सङ्ख्या बढेसँगै फिजियोथेरापी सेवा विस्तार गरिएको बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले जानकारी दिनुभयो।

फिजियोथेरापी सेवा लिन यसअघि म्याग्दीका बासिन्दा पोखरा, बागलुङ, काठमाडौं जाने गरेका थिए । बेनीमै सेवा पाउने भएपछि जिल्ला बाहिर जाँदा हुने समय र रकमको बचत भएको छ। म्याग्दीका साथै छिमेकी जिल्ला पर्वत, बागलुङ र मुस्ताङका सर्वसाधारणले सेवा लिने बेनी अस्पतालले पछिल्लो समय विशेषज्ञ सेवा विस्तार गरेको छ। साउन यता फिजियोथेरापीका अलावा ज्येष्ठ नागरिक उपचार कक्ष (जेरियाट्रिक वार्ड), अत्याधुनिक एक्सरे, सामाजिक सुरक्षा एकाइको सेवा थप गरेको अस्पतालले छिट्टै मानसिक रोग उपचार सेवा सुरु गर्ने तयारी गरेको छ । अस्पतालले अन्तरङ्ग र बहिरङ्ग विभागका अलावा शल्यक्रियामार्फत प्रसूति, एपेन्डिसाइटिस, हर्नियाको उपचार, हाडजोर्नी, दन्त, आँखा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकालीन सेवा केन्द्र, डायलाइसिस सेवा सञ्चालन गर्दै आएको छ। मिर्गौला रोगसम्बन्धी समस्या भएका १९ जनाले डायलाइसिस सेवा लिएका छन्।

सामाजिक सेवा एकाइमार्फत लक्षित समुदायको सहुलियत र निःशुल्क उपचार सेवा दिइएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपलब्ध गराएको रु एक करोड ५० लाख मूल्य बराबरको डिजिटल एक्सरे मेसिन प्रयोगमा ल्याएको अस्पताल परिसरमा अक्सिजन प्लान्ट सञ्चालनमा छ । पचास शय्या क्षमताको अस्पतालले १५ शय्याकै संरचना र पूर्वाधारबाट ७६ शय्याको सेवा दिएको छ।

# चार सय ४५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ बैशाख

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले चार सय ४५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याएको छ । आर्थिक वर्ष २०७८/७९ मा तीन सय ४० र चालु आवमा एक सय पाँच हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याइएको हो ।

सत्तरी हेक्टर नयाँ कमाण्ड क्षेत्र विस्तार गरी उक्त क्षेत्रफलमा सिँचाइ योजना सम्पन्नपश्चात् समुदायलाई हस्तान्तरण गरिसकेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका डिभिजन प्रमुख रमेशराज शर्माले जानकारी दिनुभयो। चालु आवमा बेसारघारी सिँचाइ योजनाबाट ३५, पुनःस्थापना कार्यअन्तर्गत ३५, लोकादिटार सिँचाइ योजनाबाट २३ र ठूलाफाँट सिँचाइ योजनाबाट १२ हेक्टर क्षेत्रफलमा सिँचाइ पुऱ्याइएको हो ।

जिल्लाको कूल एक लाख ५४ हजार छ सय हेक्टर क्षेत्रफल रहेकामा अझै ३७ हजार पाँच सय ५१ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गर्न बाँकी रहेको उहाँले बताउनुभयो । जिल्लामा कार्यान्वयनमा रहेका महत्वपूर्ण योजना नौ रहेका छन् । त्यसमा छ योजनाको कार्यसम्पन्न भइसकेको, दुई निर्माण प्रक्रियामा रहेका र एक योजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार रु तीन करोड ८१ लाखको लागतमा भीमाद-१ र घिरिङ-२ स्थित डुम्रेबैंसी सिँचाइ योजना, रु एक करोड ८९ लाखमा शुक्लागण्डकी-९ को मालेबगरस्थित पहाडखोला घाट र बस्ती संरक्षण, रु एक करोड १८ लाखमा भीमाद-५ को बुडुवाफाँट मालेबगर सिँचाइ योजना सम्पन्न गरिएको छ।


# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ वि.पि. मार्ग बाटो ढलान कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः वि.पि. मार्ग बाटो ढलान**
**स्थानः पोखरा-१३, कास्की**
**योजना सम्झौता मिति : २०७९/११/२३ गते**
**योजना सुरु हुने मिति : २०७९/११/२४ गते**
**योजना सम्पन्न हुने मितिः २०८०/०१/२४ गते**
**योजनाको कुल लागत : रु. ५,८८,२३५ ।-**
**बजेट वडा स्तरीयबाट प्राप्त रकम : रु.५,००,००० ।-**
**जन सहभागितावाट : रु.८८,२३५ ।-**
**वि.पि. मार्ग 'ख' टोल बिकास संस्था अन्तर्गत पर्ने भित्री ४ वटा ढलान बाटो।**
**उपभोक्ता समिति अध्यक्षः सम्वर बहादुर श्रेष्ठ**

**वि.पि. मार्ग बाटो ढलान निर्माण उपभोक्ता समिति**
**पोखरा-१३, कास्की**

# ठाडो भाका गीत संरक्षण गर्न प्रतियोगिता

**पोखरापत्र संवाददाता**
गोरखा, २५ बैशाख

पछिल्लो समय लोप हुँदै गएको ठाडो भाका गीतको संरक्षणका लागि गोरखामा ठाडो भाका दोहोरी गीत प्रतियोगिता सम्पन्न भएको छ।

ठाडो भाकाको गीत युवापुस्तालाई सिकाउने तथा पुराना संस्कृति जर्गेना गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको गरिएको ठाडो भाका दोहोरी गीत प्रतियोगिताकी संयोजक हरिमाया गुरुङले जानकारी दिनुभयो।

पश्चिमाञ्चल सांस्कृतिक केन्द्र र न्यू दौतरी युवा क्लब चित्रेपोखरीको आयोजना तथा सिरानचोक गाउँपालिका गोरखाको प्रवर्द्धनमा सिरानचोक -३, स्थित चित्रेपोखरीमा भएको प्रतियोगिताको उपाधि वीरबहादुर गुरुङ र रेशम माया गुरुङको समूहले जितेको छ । प्रतियोगितामा बमबहादुर गुरुङ र तीर्थकुमारी भुजेलको समूह दोस्रो तथा मनकाजी गुरुङ र विष्णुमाया गुरुङको समूहले तेस्रो भएको संयोजक गुरुङले जानकारी दिनुभयो। प्रतियोगितामा उपाधि जित्न सफल समूहलाई नगद रु एक लाख पुरस्कार प्रदान गरिएको उहाँले बताउनुभयो । त्यस्तै दोस्रो हुन सफल समूहलाई नगद रु ६० हजार र तेस्रो हुन सफल समूहलाई रु ३० हजार नगद पुरस्कार प्रदान गरिएको संयोजक गुरुङले जानकारी दिनुभयो । प्रतियोगितामा सान्त्वना स्थान प्राप्त गर्न सफल दुई समूहलाई पनि रु १५/१५ हजार पुरस्कार प्रदान गरिएको उहाँको भनाइ छ। त्यस्तै उष्कृष्ट गायनतर्फ लमजुङ दूधपोखरी गाउँपालिकाकी सन्तमाया गुरुङ र गोरखाको बारपाक सुलिकोट गाउँपालिकाका धनबहादुर गुरुङले छनोट भएका छन्। उत्कृष्ट गायनमा छनोट हुन सफल दुवै जनालाई नगद रु १०/१० हजार पुरस्कार प्रदान गरिएको उहाँले बताउनुभयो । प्रतियोगितामा गोरखा, लमजुङ र तनहुँका गरी १८ समूहले प्रतिस्पर्धा गरेका थिए।

खानेपानी आयोजना निर्माण सम्पन्न

जिल्लामा चालु आर्थिक वर्ष ०७९/०८० मा छ खानेपानी योजना निर्माण सम्पन्न भएका छन् । जिल्लामा विनियोजित योजनामध्ये चालु आर्थिक वर्षमा मात्र छवटा योजना सम्पन्न भइसकेका र १८ योजना सम्पन्न हुने अन्तिम चरणमा रहेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखाका प्रमुख किरण पौडेलले जानकारी दिनुभयो। सिरानचोक गाउँपालिका-२, स्थित थालाजुङ आरुबोट कोप्चे खानेपानी आयोजना, धार्चे गाउँपालिका-३ मा रहेको उतिसखोला खानेपानी आयोजना, आरुघाट गाउँपालिका वडा नम्बर ९ मा रहेको आरुबोट कोप्चे खानेपानी आयोजना यस वर्ष निर्माण सम्पन्न भएको उहाँले जानकारी दिनुभयो । त्यस्तै पालुङटार नगरपालिका-३ स्थित पाच्यान जुगेखोला खानेपानी योजना, चुमनुब्री गाउँपालिका-१ मा रहेको सामागाउँ खानेपानी आयोजना र गोरखा नगरपालिका -१, मा रहेको बाह्रबिसे ताप्ले खानेपानी आयोजना पनि चालु आवमा निर्माण सम्पन्न भएको प्रमुख पौडेलले बताउनुभयो । त्यस्तैबाहेक १८ वटा खानेपानी आयोजना चालु आवभित्रै निर्माण सम्पन्न हुने प्रक्रियामा रहेको उहाँको भनाइ छ। "९५ प्रतिशत निर्माण सम्पन्न भएका पनि थप १४ वटा आयोजना छन्, उहाँले भन्नुभयो", ९० प्रतिसत निर्माण सम्पन्न भइसकेका योजनाहरू चालु आर्थिक बर्षको असार मसान्तसम्म निर्माण सम्पन्न हुन्छ, । प्रमुख पौडेलले जिल्लाभर निर्माणको प्रक्रियामा रहेकामध्ये थप चार आयोजनाको पनि ९० प्रतिसत भन्दाबढी काम भइसकेको बताउनुभयो।

उहाँले जिल्लाको आरुघाट, बारपाक सुलीकोट गाउँपालिका, गण्डकी गाउँपालिकाभित्र दुई/दुई वटा, पालुङटार नगरपालिकामा तीन वटा, भीमसेन थापा, अजिरकोट र गोरखा नगरपालिकाभित्रका एक/एक वटा आयोजनाको ९५ प्रतिशत काम सम्पन्न भइसकेको बताउनुभयो । त्यस्तै बारपाक सुलिकोट गाउँपालिकाभित्रका दुई तथा अजिरकोट गाउँपालिका र गोरखा नगरपालिकाभित्र एक/एक आयोजनाको काम ९० प्रतिशत भइसकेको प्रमुख पौडेलले बताउनुभयो। जिल्लामा रहेको योजनामध्ये गण्डकी प्रदेश सरकारअन्तर्गत खानेपानी तथा सरसरसफाइ डिभिजन कार्यालयको तर्फबाट मात्र दुईसय ३५ वटा योजनाहरू रहेका छन् ।

त्यस्तै सङ्घीय सरकारको सशर्त अनुदान कार्यक्रम तथा योजनको जलवायु अनुकूलित बृहत् खानेपानी योजनाअन्तर्गतका कार्यक्रम पनि जिल्लामा छन् ।

# किसानको बाली जोगाउन 'बाँदर उद्यान'

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ बैशाख

जैमिनी नगरपालिका-८ को पुरानो गाउँ बन क्षेत्रमा 'बाँदर बगैँचा' तथा पर्यटकीय क्षेत्र बनाउन पहल सुरुआत गरिएको छ । धार्मिक र ऐतिहासिक स्थलको पर्यटनबाहेक यहाँ जैमिनी नगरपालिकाका बाँदरको सङ्कलन गरेर फरक प्रकारको पर्यटन गन्तव्य बनाउन लागिएको हो।

बाँदरको बगैँचा र प्राकृतिक वन्यजन्तु उद्यान बनाउनका लागि नगरपालिकाले सरोकारवालासँग छलफल थालेको हो। जैमिनी नगरपालिका र डिभिजन वन कार्यालय बागलुङको संयुक्त आयोजनामा पुरानो गाउँमा भएको सरोकारवालाको भेलाले बाँदरले दिएको दुःख हटाउन संरक्षण पार्क बनाउने योजना सञ्चालन गर्ने सहमति भएको छ। साथै भेलाले बाँदर पार्क बनाउन आवस्यक सहयोग गरिदिन गण्डकी प्रदेश सरकार र सङ्घीय सरकारलाई लेखी पठाउने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरिले बताउनुभयो। भेलामा नगर प्रमुख नरबहादुर पुन, उपप्रमुख हरिहर शर्मा, जिल्ला वन अधिकृत मुकुन्द अधिकारी, सबै वडा अध्यक्ष र कार्यपालिका सदस्य तथा स्थानीय सहभागी हुनुहुन्थ्यो। उहाँहरूले जैमिनी नगरपालिकाभित्रको बसाइँसराइ रोक्न बाँदर आतङ्क रोक्नुपर्ने धारणा राख्नुभएको थियो । उहाँहरूले बाँदर नियन्त्रण भएमा बसाइँसराइ पनि रोकिने आशा व्यक्त गर्नुभएको थियो। "हामीलाई बाँदरले धेरै दुःख दिएको छ, बालीनाली खाएको छ, नष्ट गरेको छ जसका कारण घरमा खाने केही बाँकी छैन", स्थानीय दुर्गाबहादुर थापाले भन्नुभयो, "जैमिनी नगरभित्रका बाँदर ल्याएर संरक्षण गरियो भने खेतीपाती लगाएर खान पाइएला ।" हरेक घरमा बाँदरको हेरालो राख्दा पनि बाली जोगाउन नसकिएको उहाँले बताउनुभयो । वडा वडामा बाँदरको समस्या भएपछि कतिपयले घरै छाडेर बसाइ सरेका छन्। घरहरू रित्तिन थालेको र खेतीपाती लगाउने क्रम घटेपछि बस्तीमा छिरेर बाँदरले आतङ्क मच्चाउने गरेको किसानको गुनासो छ । यहाँ बनाउने योजना गरिएअनुसार बाँदरलाई संरक्षण गरेर राख्ने, जङ्गलमै खाने व्यवस्थापन गर्दा समुदायमा खेतीपाती जोगाउने समस्या नहुने सहभागीको भनाइ थियो । त्यसका लागि धेरै बजेट लाग्ने अनुमान छ । नगरपालिकाले डिभिजनसँगको सहकार्यमा डिपिआर बनाउने, लगानीका बाटा खोज्ने र दीर्घकालीनरुपमा बाँदर नियन्त्रण गर्ने लक्ष्य राखिएको जनप्रतिनिधिले बताउनुभयो । "बाँदर नियन्त्रण गर्न सकियो भने कम्तीमा बसाइँसराइ रोक्न सकिन्छ", उपप्रमुख हरिहर शर्माले भन्नुभयो, "दिनदिनै बसाइ जाने अवस्था भएमा गाउँमा बिकास निर्माण पुग्दा बस्ती रित्तो हुनेछन्", खेतबारी बाँझो भएको र आयातको भरमा बाँच्नुपर्दा नगरपालिका दिनदिनै गरिब बनेको उहाँको गुनासो थियो।

नगर प्रमुख नरबहादुर पुनले त बाँदरको संरक्षण गरेर पर्यटनमा जोड्नुपर्ने धारणा राख्नुभयो। उहाँले बाँदरबारे अध्ययन गर्न चाहने विद्यार्थीका लागि अध्ययन केन्द्रको रुपमा पनि विकास गर्न सुझाउनुभयो । त्यसका लागि सबै स्थानमा पहल गर्नुपर्ने उहाँको जोड थियो । राम्रो संरक्षण भएमा छिमेकी पालिकाबाट समेत बाँदर ल्याएर राख्ने र पालिकाले राजस्व सङ्कलन गर्ने, आम्दानीको दायरा बढाउने अवस्था आउने उहाँले बताउनुभयो । कालीगण्डकी करिडोरको छिस्ती सडकदेखि ११ किमी यात्रा गरेपछि पुरानो गाउँ पुगिन्छ। करिडोर कालोपत्रे भएपछि यहाँ पुग्ने सडकस्तरीय बनाउँदा पर्यटन प्रवर्द्धनमा पनि योगदान पुग्ने स्थानीयको मत छ । पालिकाले लगानी गरेर स्तरीय सडक बनाउने र संरक्षणको अभियानबारे प्रचार गर्दा तराई झरेका स्थानीय र उनीहरूको सङ्गतबाट गर्मी छल्न आउने पर्यटक प्रसस्त हुने अनुमान छ। यहाँ हरेक वर्ष जेठमा मेलासमेत लाग्छ । भलिबललगायतको खेलमा धेरै टिमले भाग लिन्छन् । यहा धार्मिक रुपमा मठमन्दिर पनि छन् । हाँडीकोटबाट पनि यो स्थान देखिन्छ। त्यसैले पर्यटन प्रवर्द्धनका क्रियाकलाप सञ्चालन गर्दा पुरानो गाउँको महत्व बढाएर नगरको आम्दानीको स्रोतसमेत बनाउन सकिने बताइएको छ।


## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०१/२६, पोखरापत्र राष्ट्रिय दैनिक

तपसिल बमोजिमका ऋणीले यस बाराही बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१७ कास्कीबाट देहाय बमोजिम कर्जाको संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता एवम् मिति २०७९/०२/१८ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा बुझाउने बारे ३५ दिने सूचना प्रकाशन एवं २०७९/०८/२१ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम गर्ने ३५ दिने सूचना प्रकाशति गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन ऋणी, धन जमानी दिनुहुने व्यक्तिलाई यो सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित १५ दिन भित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ। उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्यको तीन पुस्ते विवरण | धितो विवरण |
|---|---|---|
| १ | **ऋणीः शान्त कुमारी श्रेष्ठ (वर्ष ५५)**<br>नागरिकता नं.: ६१६६/११७७ दोलखा जिल्ला (२०४४/१०/१३)<br>पतिः बालकृष्ण श्रेष्ठ<br>ससुराः ललित बहादुर श्रेष्ठ<br>ठेगानाः पोखरा म.न.पा वार्ड नं.-१७, कास्की<br>स्थायी ठेगानाः दोलखा जिल्ला, माटी-१ | ऋणीको नाममा मालपोत कार्यालय कास्कीमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको पोखरा-१७, कास्की, नक्सा सिट नं. ०९३०९९८२१, कि.नं. २२९ क्षेत्रफल १६१.५० वर्ग मिटरको जग्गा |
| | **धन जमानी कर्ताको विवरण**<br>**नाम : सुरज श्रेष्ठ (वर्ष २७)**<br>नागरिकता नं.: २२२१०१४/१४३६ दोलखा<br>ठेगाना : पोखरा म.न.पा वडा नं. -१७, कास्की<br>बाबुको नाम : बालकृष्ण श्रेष्ठ<br>बाजेको नाम : ललित बहादुर श्रेष्ठ | **कर्जाको विवरण :-** साँवा : रु.२८,२०,०००।-<br>ब्याज : रु. १०,३८,७८०।- (मिति २०८०/०१/३१ सम्मको)<br>हर्जाना : रु. १,८६,९१५।- (मिति २०८०/०१/३१ सम्मको)<br>अन्य : रु. १०,०००।-<br>**कुल जम्मा : रु. ३९,०५,६९५।-** |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा १६ औं दिन अर्थात मिति २०८०/०२/१० गते बुधबार दिनको १:०० बजे यस संस्थाको कार्यालय पोखरा-१७, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्य हुनेछ। उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ। लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको न्यूनतम मूल्याङ्कनबाट सुरुवात गरिनेछ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

**बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१७, कास्की, फोन नं. : ०६१-४५३१८७


# धाराबाट पानी आएपछि खोलेस्बाङवासी दङ्ग

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ बैशाख

"गाउँमा खानेपानीको हाहाकार हुन्थ्यो, सबैभन्दा बढी समस्या त चैतदेखि असारसम्म हुथ्यो, अहिले घरकै आँगनको धारोमा पानी आउँछ, घरमै पानी आउन थालेपछि हाम्रो दैनिकी नै फेरिएको छ ।" तमानखोला गाउँपालिका-२ खोलेस्बाङकी श्यामकुमारी रसाइलीलाई एक गाग्री पानी भर्न डेढ घण्टासम्म लाइनमा बस्नुपर्थ्यो । पानी भर्ने पालो कुर्दाकुर्दै अन्य घर धन्दा गर्न भ्याउनुहुन्थ्यो । गाउँको बीचमा रहेको एउटा धारोबाट सिङ्गो टोलका स्थानीयले पानी भर्नुपर्ने बाध्यता थियो तर अहिले कसैले पनि पानी भर्न घण्टौँ कुर्नु पर्दैन । अहिल प्रत्येकको घर-घरमा धारा जडान भएका छन्।

खोलेस्बाङ गाउँमा गोर्खा वेयलफेयर संस्थाले एक घर एक धारा निर्माण गरी दिएपछि स्थानीयको वर्षौंदेखिको समस्या समाधान भएको छ । वि.सं. २०७८ चैतदेखि सुरु भएको खोलेस्बाङ-श्रीबाङ खानेपानी आयोजना विसं २०७९ जेठमा सम्पन्न भएको थियो। खानेपानी आयोजना निर्माणका लागि वेयदफेयर संस्थाले रु ७८ लाख सहयोग गरेको थियो भने स्थानीयले ९९ सय दिन जनश्रमदान गरेका थिए । घर-घरमा धारो बनेपछि पहिले सुक्खा रहेका स्थानीयका करेसा बारी अहिले तरकारीले हरियाली भनेका छन् । पशुचौपायाले पेटभरी पानी पिउन पाएका छन् भने शौचालय पनि सफा भएका छन्। अहिले गाउँमा एक सय ३५ घरमा 'एक घर एक धारा' निर्माण भएका छन् भने सार्वजनिक ठाउँमा चार वटा थप नयाँ भारा निर्माण भएका छन्। स्थानीलाई पहिलेको जस्तो पानी सुक्छ भन्ने चिन्ता पनि छैन। आवश्यकताअनुसार पानीको प्रयोग गर्न सकिने श्यामकुमारी बताउनुहुन्छ । पहिले खेतीयोग्य जमिन हुँदा पनि पानीका कारण तरकारी खेती गर्न नसकिएको भन्दै अहिले बाहिरबाट किनेर खानुपर्ने अवस्था नरहेको रसाइलीको भनाइ छ । अहिले पानी बोक्ने समय अन्य काम गर्ने गरेको उहाँले बताउनुभयो । गाउँमा सिद्धविर मुहानबाट गाउँमा पानी ल्याएको हो । बरिक तीन किलोमिटर टाढाबाट पाइप लाइनमार्फत पानी झरालिएको छ। एक सय ३९ धाराका लागि ११ वटा ट्याङ्की निर्माण भएका छन्। पानीलाई व्यवस्थित गर्नका लागि मिटर जडान गरिएको खोलेस्बाङ-श्रीबाङ खानेपानी आयोजनाका सचिव लिलबहादुर पुनले जानकारी दिनुभयो। उहाँले गाउँमा स्वच्छ खानेपानी आएपछि आफूहरूको वर्षौंदेखिको समस्या समाधान भएको बताउनुभयो । एक घर एक धाराले गाउँलेको मुहारमा खुसी छाएको सचिव पुनको भनाइ छ।

"खोलेस्बाङमा खानेपानीको समस्या वर्षौंदेखिको हो, धेरै ठाउँमा खानेपानीको माग पनि भएको थियो, तर अघिल्लो वर्ष बल्ल समाधान भयो, दुर्गमको भएर होला सम्बन्धित निकायले पहिला कुनै ध्यान दिएनन्", उहाँले भन्नुभयो, "अहिले गाउँपालिकाले पनि सहकार्य गऱ्यो, वेयलफेयर संस्थाले ठूलो लगानी गऱ्यो, गाउँलेले पनि धेरै श्रम गरे, सबै पक्षको साथ र सहयोगले गाउँमा पानी आयो, हामीहरू धेरै खुसी भएका छौँ, हाम्रा पुस्ताले जति खानेपानीका लागि दुःख पायौँ, नयाँ पुस्ताले त्यो समस्या भोग्नु पर्ने छैन्, अहिले हरेकको घरमा धारा बनेको छ, त्यसलाई संरक्षण गरेर प्रयोग गर्नुपर्छ।"

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले सिङ्गो समुदायसहित विद्यार्थी र स्वास्थ्य संस्थामा आउने बिरामीले लामो समयदेखि खानेपानीको समस्या भोग्दै आएकोमा अब त्यो समस्या समाधान भएको बताउनुभयो । पालिका भरका अधिकांश घरमा 'एक घर एक धारा' निर्माण भइसकेको भन्दै केही बस्तीमा अहिले आयोजना सञ्चालनमा रहेको अध्यक्ष बुढा मगरको भनाइ छ। अबको केही समयमा तमानखोला गाउँपालिकाका कुनै पनि बस्तीमा खानेपानीको समस्या नहुने उहाँ बताउनुहुन्छ । "हामीहरू निर्वाचित भएर आएको पहिलो कार्यकालदेखि नै खानेपानीको समस्या समाधान गर्न थालेका हौँ, अहिलेसम्म आउँदा ९० प्रतिशत नागरिकले सहजरुपमा खानेपानी पाएका छन्, अहिले पनि धेरै ठाउँमा योजना सञ्चालन भइरहेका छन्", अध्यक्ष बुढा मगरले भन्नुभयो, "धेरै ठाउँमा पालिकाकै लगानीमा खानेपानी आयोजना सम्पन्न भएका छन्, केही गाउँमा सञ्चालन भएका आयोजनामा विभिन्न सङ्घ संस्थासँग सहकार्य गरेका छौँ।"